# स्थानीय राजपत्र

सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

**खण्ड ४) सैनामैना नगरपालिका, १९ आश्विन २०७७ साल (संख्या ९**

**भाग–२**

**सैनामैना नगरपालिका, रूपन्देही**

**कार्यविधिको नाम : सैनामैना नगरपालिकाको महिलासँग उप–प्रमुख कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**

**प्रस्तावना :** सैनामैना नगरपालिकालाई महिला मैत्री नगरपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्यूनीकरण गरी उनिहरुलाई आर्थिक रुपमा सवल र सक्षम वनाउन महिलाहरुको क्षमता अभिबृद्धि, उद्यमशिलताको विकास, सुरक्षाको प्रत्याभूति, महिला भेदभाव उन्मूलन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ र सैनामैना नगरपालिका केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन २०७४ को दफा ४ बमोजिम सैनामैना नगरपालिकाको नगर कार्यपालिकाबाट यो कार्यविधि पारित गरी जारी गरिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नामः **महिलासँग उपप्रमुख कार्यक्रम सञ्चालन कार्यविधि, २०७७** रहनेछ ।

ख) यो कार्यविधि सैनामैना नगरकार्यपालिकाले स्वीकृत गरि राजपत्रमा प्रकासित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क). **“कार्यक्रम”** भन्नाले महिलासँग उपप्रमुख कार्यक्रम सम्झनु पर्दछ ।

ख). **“कार्यपालिका”** भन्नाले सैनामैना नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग). **“प्रमुख”** भन्नाले सैनामैना नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ ।

घ) **“उपप्रमुख”** भन्नाले सैनामैना नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

ङ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) **“कार्यबिधि”** भन्नाले महिलासँग उपप्रमुख कार्यक्रम संचालन कार्यबिधि, २०७७ लाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य :**

१. सैनामैना नगरपालिकालाई महिला मैत्री नगरपालिका बनाउने ।

२. लैङ्गिक हिंसालाई न्युनीकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने ।

३. महिलाहरुको क्षमता अभिबृद्धि गराउदै आर्थिक रुपमा सवल र सक्षम बनाउन उद्यमशीलताको विकास गराउने ।

४. महिलाहरुको वृति विकास गरी उनिहरुको जीवनमा सकारात्मक परिर्वतन ल्याउने ।

४. **कार्यविधिको क्षेत्रः** कार्यक्रमको उद्देश्य पुरा गर्न यस कार्यविधिले निम्न बमोजिमका आधारभुत क्षेत्र तोकिएका छन् ।

(क) चेलीबेटी तथा मानव बेचविखन विरुद्धको सचेतना अभियान सम्वन्धी कार्यक्रम ।

(ख) घरेलु हिंसाका विभिन्न स्वरुप विरुद्धको नियन्त्रणमुखी कार्यक्रम ।

(ग) दाईजो विरुद्धको सचेतना कार्यक्रम ।

(घ) एकल महिलाको सम्पत्तिमा अधिकार कार्यक्रम ।

(ङ) लागु औषध नियन्त्रण कार्यक्रम ।

(च) स्वास्थ्य पारिवारीक शिक्षा कार्यक्रम ।

(छ) कानुनी सचेतना कार्यक्रम ।

(ज) विवाहित महिलाको नागरिकता, नाबालकको जन्मदर्ता सम्वन्धी अधिकार कार्यक्रम ।

(झ) महिला सशक्तिकरणका लागि विभिन्न सचेतनामूलक तालिम कार्यक्रम ।

(ञ) महिलाको आर्थिक आय आर्जनसँग प्रत्यक्ष सहयोग पुऱ्याउने र उद्यमशीलताको विकास गर्ने सीपमुलक तालिम कार्यक्रम ।

## परिच्छेद-२

### ५. संचालक समिति गठन सम्वन्धी व्यवस्था :

(१) कार्यक्रम संचालनका लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछ ।

(क) उपप्रमुख — संयोजक

(ख) नगर सभाका ५ जना महिला सदस्य — सदस्य

(ग) महिला तथा बालवालिका शाखा प्रमुख — सदस्य सचिव

(२) आवश्यकता अनुसार कार्यालयका कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सकिनछ ।

(३) सञ्चालक समितिमा रहने ५ जना महिला सदस्यहरुको कार्यकाल १ वर्षको हुनेछ । कार्यकाल समाप्त भएपछि नगरसभाका महिला सदस्यहरु मध्येबाट ५ जना सदस्यलाई सञ्चालक समितिमा मनोनित हुनेछन् ।

### ६. सञ्चालक समितीको कार्य जिम्मेवारी :

(क) कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।

(ख) सीप विकास/महिला उद्यमशीलता कार्यक्रमहरु सञ्चालन, नियमन तथा अनुगमन गर्ने ।

(ग) कार्यक्रमको उद्देश्य अनुरुप काम गर्ने ।

(घ) वडास्तरबाट उद्यमशीलता रोजगारी तथा सशक्तीकरण अभिवृद्धि गर्न सीप तथा क्षमत अभिवृद्धि सम्बन्धी तालिमको लागत संकलन गर्ने ।

**७. महिलासँग उपप्रमुख कार्यक्रम अर्न्तगत निम्नकार्यक्रमहरु गरिने छ :**

(क) ब्यवसायिक महिला र घरेलु कामहरुलाई लक्षित उद्यमशीलता, रोजगार मुलक, सीप विकास तथा क्षमता अभिबृद्धि तालिम ।

(ख) स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीय स्तरका कृषिजन्य उत्पादन, बजारीकरण र व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु ।

(ग) सैनामैना नगरपालिका क्षेत्र भित्रका महिला लक्षित कार्यक्रमहरु ।

## परिच्छेद-३

**८. कार्यक्रम छनोट तथा कार्यान्वयन :**

(क) महिलासँग उपप्रमुख कार्यक्रम सञ्चालक समितीले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ख) महिला सशक्तीकरण कार्यक्रम समिति आफै तथा सीप विकसको क्षेत्रमा कार्यरत संघ सस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

(ग) वडास्तरबाट कार्यक्रम माग भई आएमा सञ्चालक समितिले आवश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडी बढाउन स्वीकृती दिन सक्नेछ । कार्यक्रको प्रभवकारितको

अनुगमन महिलासँग उपप्रमुख कार्यक्रम सञ्चालक समितिले गर्नेछ ।

(घ) सञ्चालक समितीले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृती गराएर महिला उद्यमशीलता लागि अनुदान तथा सहायता उपलब्ध गराउन सक्नेछ ।

(ङ) विपन्न र अति विपन्न विशेष प्राथमिकता दिने । (एकल, हिंसा पीडित, अपाङ्गता भएका, दतिल, आदिवासी जनजाति र सीमान्तकृत महिला अन्य)

## ९. बैठक सम्वन्धी व्यवस्था :

समितिको वैठक कम्तिमा ३ महिनाको एक पटक वस्ने छ । तर आवश्यक परेमा संयोजकको निर्देशनमा जुनसुकै बेला वैठक आव्हान गर्न वाधा पर्ने छैन ।

## १०. कोष सम्वन्धी व्यवस्था :

(क) कार्यक्रम सञ्चालनको लागि आवश्यक वजेटको व्यवस्थापन नगरको नगरसभाले गर्नेछ ।

(ख) महिलासँग उपप्रमुख कार्यक्रम शिर्षकमा नगरसभाबाट विनियोजित रकममध्येबाट सञ्चालक समितिको निर्णयानुसार कार्यविधि बमोजिम विभिन्न कार्यक्रमहरु संचालन हुनेछन् ।

## ११. व्याख्या गर्ने अधिकार :

कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयन सम्वन्धमा कुनै दुविधा परेमा अन्तिम ब्याख्या गर्ने अधिकार सञ्चालक समितिमा रहनेछ ।

**१३. संशोधन सम्वन्धी व्यवस्था :**

आवश्यकता अनुसार यो कार्यविधिको कुनै व्यवस्था संसोधन गर्नु परेमा नगरकार्यपालिकाले गर्नेछ ।

**१४. वाधा अड्काउ सम्वन्धी :**

यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा उत्पन्न भएमा नगरकार्यपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ ।

**१५. बचाउ तथा खारेजी :**

यो कार्यविधिमा कुनै पनि ऐन कानून तथा नियमसँग बाझिएमा बाझिएको हदसम्म अमान्य वा खारेजी हुनेछ ।

प्रमाणीकरण मितिः २०७७/०६/१९

आज्ञाले
**टेकराज पन्थी**
प्रमुख प्रशासकीय अधिकृत